'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ | अंक : ३८ | बुधवार १६ असोज, २०८१ | 02 (Wednesday) October 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### प्रधानमन्त्रीको स्वीकारोक्ति

## ठूलो विपद् पर्दा सरकारको तयारी कमजोर देखिएकै हो : प्रधानमन्त्री ओली

नमस्ते समचारदाता
काठमाडौं, असोज/१५



प्रधानमन्त्री संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिकामा रहेकै समयमा नेपालमा तीन दिन सम्म भएको भारी वर्षाका कारण कतै बाढी, कतै पहिरो त कतै डुवान र कटानले धेरै ठूलो धनजनको क्षति भयो । विपद्को बेलामा पनि देशको कार्यकारी प्रमुख देश बाहिर हुनु संयोग मात्र थियो । यो नियती थिएन । सोमबार प्रधानमन्त्री ओली नेपाल फर्किए पश्चात राज्यका सबै संयन्त्रहरुलाई राहत तथा उद्दारमा खट्न निर्देशन दिएका छन् । प्रधान मन्त्री ओली फर्किएकै दिन सोमबार मन्त्री परिषदको बैठक बसाएर केन्द्र सरकारको विपद् व्यवस्थापन कोषमा नेपाल सरकारको तर्फबाटएक अर्ब रकम अर्थमन्त्रालयबाट निकासा गराउने निर्णय गराए भने मन्त्रीपरिषदका सबै सदस्यहरुले एक महिनाको तलब राहतकोषमा उपलब्ध गराउने निर्णय समेत गराए । प्रधानमन्त्री ओलीले सोमबार पत्रकार सम्मेलन गरेर देशको अवस्थाको बारेमा नेपाली जनतालाई सरकारको धारणा समेत सार्वजनिक गरेका छन् । सो पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले भने, 'हाम्रो तयारी यस प्रकारको र यति ठूलो तथा अकल्पनिय परिस्थितिका लागि थिएन । यस प्रकारको वर्षा होला, यस प्रकारको पहिरो जाला, मानवीय तथा भौतिक क्षति होला भन्ने अनुमान समेत सरकारले गरेको थिएन ।' प्रधानमन्त्री ओलीले यति भयावह बाढी पहिरो आउला भन्ने पूर्वामानुमान नभएको बताएका छन् । असोज ११ र १२ गते भएको भारी वर्षासँगै आएको बाढी पहिरो र डुबानले गरेको क्षतिबारे जानकारी दिन मंगलबार आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले सरकारले पूर्व तयारी त गरेको थियो तर हाम्रो तयारी यस प्रकारको परिस्थितिका लागि थिएन । यस प्रकारको वर्षा होला, यस प्रकारको पहिरो जाला, मानवीय तथा भौतिक क्षति होला भन्ने अनुमान थिएन ।' यस भन्दा अघि हुने गरेका यस प्रकारका मौसमजन्य घटनाहरु कमै हुने गर्थे, त्यसै अनुसारको पूर्व तयारी थियो । ठूलै विपत्ति आइलाग्यो' उनले भने । विपद आइसकेपछि सरकारले राहत तथा उद्दारमा सक्दो गरेको प्रधानमन्त्री ओलीले बताए ।

बाँकी ३ पेजमा...

## सुरक्षित तथा स्वस्थ्य व्यवसायका लागि तालिम

नमस्ते समचारदाता
बुटवल, असोज/१५




रुपन्देही उद्योग संघ र दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना-इन्स्योरदोश्रो (चरण)को सहकार्यमा संचालित सिप विकास इकाईको आयोजना मा जिल्लाका विभिन्न उद्योगमा कार्यरत पेशाकर्मीहरुका लागि ३ दिवसीय व्यवसायी सुरक्षा तथा स्वास्थ्य विषयक तालिमको शुभारम्भ भएको छ । रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटाले यस तालिममा सहभागि हुनु भएका प्रशिक्षार्थीहरुको अभ्यास तथा उनीहरुको सिकाइमा क्षमता अभिवृद्धि गर्ने कार्यमा थप प्रगती हुने साथै सिकेका कुराहरु व्यवहारमा लागु गर्न सहभागिहरुलाई उत्प्रेरित गर्दै आ-आफ्नो उद्योगमा सुरक्षा र स्वस्थ्यका जोखिमहरु कम हुनुका साथै सुधारात्मक योजनाहरु निर्माण गर्न उद्योग संघको योगदान रहने विश्वास दिलाए । रुपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष कृष्ण प्रसाद पराजुलीले स्वागत मन्तव्य राख्दै उद्योगमा व्यवसायजन्य सुरक्षाले कामदारहरूको स्वास्थ्य र सुरक्षालाई सुनिश्चित गर्न, कार्यस्थलमा दुर्घटना र रोगहरूलाई कम गर्न, तथा कामको वातावरणलाई सुरक्षित र स्वस्थ बनाउन योगदान पुऱ्याउने जनाए । प्रमुख प्रशिक्षक ई.दिनेश शाहले तालिम अवधिमा उद्योग व्यावसायमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको महत्व, श्रम ऐन, वातावरणीय समस्याहरुको पहिचान, जीवन रक्षा, व्यवस्थापकीय प्रणाली विद्युतीय, रसायन आदिवाट सुरक्षित हुने उपायहरु जस्ता धेरै विषयमा तालिमका सहभागिहरुलाई सचेतना अभिवृद्धि गरी संभावित दुर्घटनावाट उद्योग तथा त्यहाँ रहेको जनशक्तिको सुरक्षा र स्वास्थ्यमा सम्वर्द्धन र प्रर्वद्धन गर्न प्रशिक्षार्थीहरुको क्षमता विकास गर्ने बताए । असोज १५गते देखि १७ गतेसम्म संचालन हुने व्यवसायजन्य सुरक्षा र स्वास्थ्य तालिममा १८ वटा उद्योग प्रतिष्ठानवाट २२ जनाको सहभागिता रहेको छ। कार्यक्रममा रुपन्देही उद्योग संघका द्वितीय उपाध्यक्ष हरिबहादुर खत्री, सहकोषाध्यक्ष बिशाल बेलबासे, कार्यसमिती सदस्य राजु घिमिरे, रुपन्देही उद्योग संघका प्रमुख कार्यकारी अधिकृत यादवप्रसाद भण्डारी लगायतले उद्योगी र त्यहाँ कार्यरत कर्मचारीको क्षमता विकासले मात्रै उत्पादन तथा बजारीकरणमा सहजता हुने जनाएका थिए ।

## सडकमा जनचेतना जगाउँदै ट्राफिक प्रहरी

नमस्ते समचारदाता
हुम्ला, असोज/१५




पूर्णरूपमा सडक यातायात नजोडिए पनि ट्राफिक प्रहरीले सर्र्वसाधारणका लागि जनचेतना जगाउने कार्य गरेको छ । चाडवाडका बेला यातायातका साधन आन्तरिक रुपमा बढी सञ्चालन हुने सवारी चालकले ट्राफिक नियमविरुद्ध यातायातका साधन नचलाओस् भन्दै जनचेतना कार्यक्रम गरेको हो। यात्रुलाई एक ठाउँबाट अर्को ठाउँमा सुरक्षित रुपमा यात्रा गर्नका लागि चाडवाडको मुखमा यात्रु सुरक्षा अभियान सञ्चालन गरेको हो । यसमा सडकमा पैदल हिँडिरहेका यात्रुलाई लक्ष्य गरी ट्राफिक प्रहरीले यो कार्यक्रम सञ्चालन गरेको हो । यो अभियानअन्तर्गत ट्राफिक प्रहरीले सामान्यतया ट्राफिक नियमबारे जानकारी दिने कार्य गरेको छ। क्षमताभन्दा बढी यात्रु बोक्ने कार्यविरुद्ध सर्वसाधारणलाई दिनुपर्ने, चालकलाई लाइसेन्स भए नभएका बारेमा पनि सबैले जान्नै पर्ने विषय भएको जानकारी गरिएको थियो । कार्यक्रममा सहभागी सर्वसाधारणहरूले पनि ट्राफिकसँग विभिन्न जिज्ञासासमेत राखेका थिए । ती जिज्ञासाको पनि उत्तर दिने कार्य गरेर जनचेतना जगाउने कार्य गरिएको थियो । कार्यक्रममा विशेष गरी यात्रुहरु आफैं पनि आफ्नो सुरक्षित यात्राका लागि ध्यान दिनुपर्ने कुरा बताइएको थियो ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाईँ सराईँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता ।  – नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## आर्थिक मन्दीमा व्यवसायीहरुको चुनावी दौड

यसै पनि नेपाल आर्थिक रुपमा परनिर्भर रहँदै आएको देश हो। नेपालको ब्यापार घाटा असन्तुलन मात्र होइन, ऋृणात्मक रुपमा बढ्दो अवस्था मै छ। बिक्रम संबत् २०७० देखि नेपालको अर्थतन्त्रमा केही सकारात्मक र सुधारात्मक सूचकाङकहरु देखिन थालेका भए पनि २०७२ सालमा नेपालको नयाँ संविधान बने पश्चात आर्थिक रुपमा केही सुधार हुँदै थिए। तर भरखरै सुधार हुनै लाग्दा कोभिड १९ को विश्वब्यापी महामारीले नेपाललाई पनि नराम्रो सँग थला पाऱ्यो। भरखर सुधार हुँनै लागेको नेपालको अर्थतन्त्र फेरि थला पऱ्यो। तत् पश्चात नेपालको अर्थतन्त्र हाल सम्म पनि थलिएकै अवस्थामा छ। यो बिचमा धेरैका सटर बन्द भएका छन्। कयौंका व्यवसायहरु सास फेर्न पनि धौ धौको अवस्थामा गुज्रिरहेका छन्। कयौंले आफ्ना व्यवसायहरु नै छोडिसकेका छन्। नेपालको अर्थतन्त्रमा कुनै गति छैन। ब्यपार व्यवसायी सन्तोषजनक कसैको पनि छैन। यस्तो अवस्थामा कोहलपुर उद्योग बाणिज्य संघले आफ्नो नयाँ नेतृत्व छनौटका लागि आगामी कार्तिक ३ गते निर्वाचन सम्पन्न गर्न गैरहेको छ। नेपालको संविधानले गरेको संवैधानिक व्यवस्था अनुसार नेपालका कुनै पनि संघ संस्थाका निर्वाचन गराउदा आर्थिक मितव्ययीता नहुने/नगराउने प्रवृत्ति 'चलिआएको प्रचलन' बनिसकेको छ। अझ ब्यापारीहरुको संस्थाको निर्वाचन भने पछि त पैसाको के कुरा भयो र भन्नेहरुको पनि बजारमा धेरै चासो र चियोचर्चो हुने नै भयो। आज भोली कोहलपुरमा मानिसहरुको मुखबाट यस्तै यस्तै कुरा सुनिन्छन् ।ब्यापारीहरुको पैसा पनि आफूले मिहिनेत र परिश्रम गरेर नै कमाएको पैसा हो। यसलाई अनावश्यक र तडक भडकमा भन्दा नि आवश्यकतामा पारदर्शी रुपमा खर्च गर्ने बानी बसालेर स्वच्छ र निष्पक्ष प्रतिस्पर्धामा निर्वाचन सम्पन्न गर्ने गराउने संस्कार को थालिनी पनि गर्न सकेमा त्यो आगामी दिनमा हुने कुनै पनि निर्वाचनका लागि संदेश बन्न सक्छ । त्यसैले ब्यापारीहरुको चुनाव भन्ने बित्तिकै खर्चिलो र आर्थिक रुपमा भडकिलो हुनै पर्छ भन्ने छैन । त्यसमा पनि आथिर्क मन्दीको बेलामा हुने निर्वाचनमा खर्चको जोहो गर्न कतिपय उम्मेद्वारहरुलाई नि हम्मे हम्मे परेकै होला।

# असुरक्षित सडक : नियत कि नियति !



**बशिरा**





कहालीलाग्दा सडक दुर्घटनाहरू दिनहुँ सुन्नु र देखिनु सामान्य झैं भइसके । सडक दुर्घटनाका कारण कुनै पनि परिवार र राज्यलाई समेत व्यापक घाटा पुग्ने सरकारी निकायहरूकै अध्ययनहरूले निष्कर्ष निकालेको पनि छ । अध्ययनपछि बुझाइएका सुझाव कार्यान्वयनतर्फ सरकारले खासै चासो नदेखाएको पो हो कि ! भन्ने पनि छ । मुग्लिङ नारायणगढ सडकखण्ड सिमलताल क्षेत्रमा गत असार २८ गते त्रिशुलीमा बगेका ६२ यात्रुमा ३८ जनाको अझै अत्तोपत्तो छैन। २४ को शव फेला पऱ्यो । १९ जनाको मात्रै सनाखत हुनसकेको थियो। भाद्र ३० मा अर्को ट्रक सोही क्षेत्रमा खस्यो । यस्ता दुःखद् दुर्घटनाहरू हाम्रा सबै सडकमा भइरहेका छन् । राजमार्ग वा कुनै सडकमा हुने यस्ता दुर्घटनाहरूलाई आकस्मिकता मात्रै मान्न सकिने होइन । ग्रामीण क्षेत्रमा वातावरणीय प्रभाव मूल्यांकन नगरी जथाभावी सडक खनिएर पनि दुर्घटनाको जोखिम बढ्दै गएको छ । सडक यातायातको सुविधाबाट वञ्चित नागरिकमा बल्लबल्ल खुलेका सडकको ट्र्याकले दिएको खुसी र प्रयोगमा बाध्यता हुनु अस्वाभाविक मान्न सकिँदैन । सडक भनेको मोटर गुड्न, बाटो खनिखोस्री गर्ने मात्रै पनि होइन । जनताको माग हो भनेर जनप्रतिनिधिले पनि जहाँ पायो त्यहीं सडक खनिरहेका छन् । प्राविधिक सरोकारवालाहरूले त्यसतर्फ पनि ध्यान दिन जरुरी छ । सवारीसाधन गुडिरहेका हाम्रा कुनै पनि सडकहरू दुर्घटनामुक्त छैनन् । सडक दुर्घटना नभएको सडक भेटिँदैनन् र छैनन् । सडक भासिने, पहिरोले छोप्ने, हिलाम्मे सडक र सडक खन्दा निस्किएका ढुंगाहरू नपन्छाइदिएकै कारण पनि सवारी साधनले बेहोरिरहेका क्षति र दुर्घटना गनेर साध्य छैनन् । नेपाल प्रहरीले सार्वजनिक गरेको विवरण अनुसार विगत १० वर्षमा नेपालमा विभिन्नखाले सडक दुर्घटनामा परेर २४ हजार ९५ जनाले ज्यान गुमाएका छन् । दैनिक औसतमा रूपान्तरण गर्ने हो भने प्रतिदिन ७ जनाको मृत्यु हुन्छ। विगत १० वर्षमा नेपालमा साना र ठूला गरेर झन्डै २ लाख ६० हजार दुर्घटना भएका छन् । सडक दुर्घटनामा परेर गत आर्थिक वर्ष (२०८०/८१) मा मात्र दुई हजार तीन सय ६९ जनाको ज्यान गएको छ। ५० हजार जनाभन्दा बढी गम्भीर घाइते भएको प्रहरीको विवरणले देखाउँछ । गम्भीर घाइतेहरू कतिले ज्यान गुमाए होलान् ? त्यसलाई पनि गणना गर्दा वास्तविक मृतकको संख्या सार्वजनिक गरेको विवरणभन्दा अधिक हुन्छ । सडक दुर्घटनालाई लिएर छानबिन समितिहरू बने। प्रतिवेदन पनि बन्छ । प्रतिवेदन समाउनेले पनि समाउँछन् । प्रतिवेदनमा औंल्याएका सुझाव तथा कमीकमजोरीलाई सुधारको बाटोमा ल्याएको देखिँदैन । लाग्छ, सवारी दुर्घटना नियति हो। केही दिनअघि भक्तपुरमा ट्रकको ठक्करबाट स्कुटर चालकको मृत्यु भयो । उनको मृत्युपश्चात् ट्राफिक चेकिङको कारण स्कुटरचालकको मृत्यु भएको भन्दै व्यापक विरोध भयो । स्थानीयको भीडले ट्राफिक प्रहरीसमेत कुटिए। तर, घटनापछि सार्वजनिक भएको दुर्घटनाको भिडियोमा ट्राफिक चेकिङमा प्रहरीले स्कुटर रोकेको भने देखिएन । यो त उदाहरण घटनामात्र हो । एउटाले अर्कोलाई दोषारोपण गर्दैमा सवारी दुर्घटनाहरूमा कमि आउने पनि होइन । सडकमा संयमित चालकहरू निकै कम देखिन्छन् । दुर्घटना गराएर भाग्ने, चोरेका सवारी चलाउने, सवारी नियम लत्याउने र तिब्र गति, मापसे-लापसे गरेर सवारी चलाउने जस्तामात्र होइन, सवारीचालक अनुमतिपत्र प्राप्त नगरेरै सवारी साधन चलाउनेहरू पनि छन् । सडक संकेतहरू कहीँ छन् त कहीँ छैनन् । भएका सडक संकेतहरूमा पनि चालक अनुशासन देखिँदैन । एउटै स्थानमा पटकपटक दुर्घटना हुनुलाई कसरी हेर्ने ? सडकको अवस्थामा सुधारका आवश्यकताहरू त छँदैछन् । भौगोलिक तथा प्राकृतिक अवस्थाले साथ नदिएका पनि कति होलान् ? सडक निर्माणमा भएका घोटला तथा भ्रष्टाचारले गुणस्तरमा ल्याएको ह्रासले निम्त्याएका अवस्थाहरू अर्कोतिर होलान् । एउटै कारणले सवारी दुर्घटना निम्तने पनि होइन । यसलाई धेरै कारणले प्रभाव पारिरहेको हुन्छ । सडकको अवस्था, सवारीचालकमा आउने धैर्यताको कमी, सवारीचालकको शारीरिक तथा मानसिक अवस्था, सवारीसाधनको यान्त्रिक अवस्था, पैदल यात्रीहरूका लापरबाही, हतारोपन, सवारी नियमको पालनामा कमी, छाडा छोडिएका गाईवस्तु तथा जनावर, सार्वजनिक सवारीसाधनहरूमा देखिने अस्वस्थ प्रतिस्पर्धाहरू जस्ता कारण सडक दुर्घटनाका प्रमुख देखिन्छन्। चालकले सडकको अवस्था लाई आँकलन गरेर सवारीसाधन चलाउँदा दुर्घटनालाई न्युनीकरण गर्न सकिन्छ । सडकमा उभिएर ट्राफिक व्यवस्थापनमा खटिएका प्रहरीहरू पनि दुर्घटनाका सिकार बनेका छन् । रोकिराखेको सवारीसाधनमा अर्को सवारीसाधन ठोक्किएर ज्यान गुमाइरहेका छन् । ठुला चौडा र चिल्ला सडकहरूमा पनि चालक आफैं अनियन्त्रित भएर सडकपुलबाट बार भाँच्दै खोलामा, भिरमा झरेका दृष्य थुप्रै छन् । यद्यपि कतिपय दुर्घटनाहरू कल्पनाभन्दा बाहिरका पनि हुन्छन् । चालकले आफूलाई संयम र जिम्मेवार बनाउँदा दुर्घटनालाई धेरै हदसम्म निषेध गर्न सकिन्छ । सवारी नियमको पालनामा आएको स्वःस्फुर्त प्रणाली र सचेतपनले दुर्घटनाबाट हुन जाने क्षतिलाई कमी गर्न सक्छ। चालक र सवारीसाधन अवस्थाको परीक्षणमा प्रहरीले सडकबाट चेकिङ हटाउँदैमा सवारी दुर्घटना रोकिने होइन। तथापि, प्रहरी चेकिङलाई प्रविधिमैत्री र व्यवहारमैत्री भने बनाउँदै लैजानुपर्छ। प्रभावकारी नियमनको अभावमा अराजकता मौलाउँछ। सबै किसिमका अराजकताहरूले विनास नै निम्त्याउने हुन्। सडक निर्माणका सम्वद्धवर्ग तथा राज्य, सवारी ऐन नियम, सवारीचालक अनुमतिपत्र प्रदान गर्ने निकाय, सवारी र चालक, पैदलयात्री र सवारीनियम पालना गराउने जिम्मेवारीमा रहेको ट्राफिक प्रहरी तथा यातायात व्यवस्थापन पक्ष लगायतका सबै वर्ग जिम्मेवार रहनुपर्छ । सवारीसाधन चलाउन सक्नु र चलाउन जान्नु फरक कुरा हो । सरोकारीले जिम्मेवारी र कर्तव्यलाई नभुल्ने हो भने सडक दुर्घटना र सोबाट हुने क्षतिमा कमी ल्याउन सकिन्छ।

*–अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

सर्केगाड गाउँपालिका
हुम्ला

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

ताँजाकोट गाउँपालिका
हुम्ला

# प्रहरीले माछा बिक्री वितरण गर्न नदिएपछि व्यवसायी मर्कामा



■ नमस्ते समचारदाता
धनगढी, असोज/१५

साइकल तथा मोटरसाइकलमा राखेर माछा बिक्री वितरणमा प्रहरीले अवरोध गरेपछि कैलाली जिल्लास्थित माछा व्यवसायीहरु मर्कामा परेका छन् । प्रहरीले विभिन्न कानुनी प्रावधान देखाएर साइकल तथा मोटर साइकलको पछाडि क्यारेटमा माछा राखेर बिक्री वितरण गर्न दिएपछि व्यवसायी प्रभावित भएका हुन् । माछा व्यवसायी संघ कैलालीका अध्यक्ष रामप्रसाद चौधरीले आफूहरू दशकौँ देखि माछा उत्पादक किसानको पोखरीबाट उपभोक्तासम्म पुर्‍याउँदै आएको बताउँदै सो कार्यमा प्रहरीले रोक लगाउने, जरिवाना लिने जस्ता कार्य गर्दै आएको दुखेसो सुनाए । देशमा व्याप्त बेरोजगारीका कारण आफूहरूको पेसा नै माछा बिक्री वितरण गर्ने र यही पेसाबाटै जीविका चलाउँदै आएकाले प्रहरीको अवरोधले आफूहरूको रोजीरोटीमै धक्का पुगेको उनको भनाइ छ । यसैबिच ट्राफिक प्रहरीले निरन्तर दुःख दिइरहेको बताउँदै उनीहरूले शुक्रबार सुदूरपश्चिम प्रदेश ट्राफिक प्रहरी कार्यालय अत्तरियाको ध्यानाकर्षण गराएका छन् । उनीहरूले साइकल तथा मोटरसाइकलमा राखेर निर्बाध रूपमा माछा बिक्री वितरण गर्न पाउनुपर्ने माग राखेका हुन् ।

# स्याउ बिक्री गर्न छ घण्टा पैदल हिँड्न बाध्य

■ नमस्ते समचारदाता
मुगु, असोज/१५



झिसमिसेमै उठ्यो, पिठ्युँमा स्याउको डोको, पटुकामा सुक्का रोटी बोकेर छायाँनाथ रारा नगरपालिका वडा नं १० घट् लेख गाउँकी सरिता सेजुवाल सदरमुकाम गमगढी बजारमा बारीको स्याउ बिक्री गर्नलाई दैनिक सदरमुकाम गमगढी बजारमा ओर्लिन्छिन् । दिनभर स्याउ बेचेर कमाएको पैसाले दैनिक उपभोग्य वस्तु किनेर साँझ घर फर्किछन् । छायाँनाथ रारा नगरपालिकाको उहाँ एक प्रतिनिधि पात्र हो । सरीताले भन्नुभयो डोकोभरि स्याउ बोकेर गमगढी पुग्न ४ घण्टा र फर्केर घर पुग्न २ घण्टा गरी एकै दिन ६ घण्टा हिँड्छु । दुःखको तुलनामा आम्दानी भने कम छ ।,' उनले भनिन्, 'नजिक बजार नहुँदा र आधुनिक प्रविधिको स्याउ स्टोर गर्ने घर नहुँदा स्याउ बेच्न पनि पैताला खियाउनुपरेको छ ।' उहाँ मात्र होइन, घरको आर्थिक जोहो गर्नलाई यहाँका महिला स्याउ, ओखर र तरकारी लिएर सदरमुकाम आउने गरेका छन्रु । स्थानीय बेलमती बुढा पनि उसै गरी थोरै सामान बेच्न धेरै मिहिनेत गरी सदरमुकाम पुग्नुहुन्छ ।' झिसमिसेमै उठी यति नहिँडे घरका स्याउ घरमै कुहिने डरले त्यसैले बेच्नु पर्ने हुन्छ । उहाँले भन्नुभयो दैनिक एक हजार पाँच सय देखि दुई हजार रुपियाँ सम्मको स्याउ बेची आम्दानी गर्छु । छायाँनाथ रारा नगरपालिका-१०, घट् लेख गाउँकी मुना सेजुवालले गत वर्षको सिजनमा बारीमा उत्पादन भएका स्याउ माघ, फागुन महिनामा बिक्री गर्नलाई परम्परागतको खाडमा राखिएका स्याउ भारी बर्सादले कुहिएर नाश भएको उहाँको गुनासो छ । उहाँ लगायत उहाँका गाउँका सबैको स्याउ यसरी नै कुहिएर नाश भएको छ । यता जिल्लाको प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यालय सँग स्याउ जोगाउने उपाय त के तथ्याङ्कसमेत छैन । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगतको स्याउ जोन क्षेत्र जिल्लामा कागजमा मात्र सीमित भएको कृषक रामलक्ष्मी सेजुवालले बताउनुभयो । स्याउ जोन क्षेत्र लागु भएको यहाँ स्याउ उत्पादन गर्ने कृषकका लागि सम्बन्धित निकायले अनुदानमा बेमौसमी समयमा स्याउ बेच्नलाई चिस्यान स्याउ भण्डारण निर्माण नगरिदिँदा स्थानीय कृषक प्रत्यक्ष मारमा परेका छन् । छायानाथ रारा नगरपालिकाको घट् लेख, तललेख, रोवा गाउँमा स्याउ उत्पादन राम्रो हुन्छ । असोज/कार्तिकमा संकन भएको स्याउ परम्परागत तरिकाले भकारीमा भण्डारण गरेको स्याउ पुसदेखि फागुनसम्म राख्दा धेरैजसो स्याउ कुहिएर नष्ट हुने गरेको स्थानीय रामदेवीको गुनासो रहेको छ । यहाँका स्थानीयले स्याउ बिक्रीबाट कमाएको पैसाले बालबच्चाको पढाइ, नुन तेल, खाद्यान्न, जुत्ता-चप्पल किन्ने गरेका छन् । स्याउले स्थानीयको जीविकोपार्जनमा सहज गरेको छ । घट्टलेख गाउँका बासिन्दा स्याउबाटै आत्मनिर्भर बन्दै गएका छन् । रोवा खोलाभरिकै स्याउको भण्डारणका रूपमा चिनिने घट्टलेख र तल्लेख गाउँमा वार्षिक १२ सय मेट्रिक टनभन्दा बढी स्याउ उत्पादन हुने गरेको कृषि विकास कार्यालय मुगुले जानकारी गराएको छ । गाउँमा सडक नपुग्दा उत्पादन गरेको स्याउ बेच्न कठिन भएको घट्टलेख गाउँका रतन सेजुवालले बताउनुभयो । 'टाढा भएकाले व्यापारी पनि जाँदैनन् । स्याउ बेच्नै गाह्रो छ,' उहाँले सुनाउनु भयो ।

# कर्णाली सरकारले कोषमा रु.५० लाख जम्मा गर्ने




■ नमस्ते समचारदाता
सुर्खेत, असोज/१५

कर्णाली प्रदेश सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख रुपैयाँ जम्मा गर्ने भएको छ । मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले काठमाडौं उपत्यकालगायतका देशका विभिन्न स्थानमा बाढीपहिरोबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख रुपैयाँ जम्मा गर्ने निर्णय गरेको हो । यस्तै, बैठकले कर्णाली प्रदेशसभाको चालु अधिवेशन १५ असोज राति १२ बजेबाट अन्त्य गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस निर्णयसमेत गरेको छ । बाढी पहिरोका कारण १७ अर्ब भन्दा बढी क्षति भएको छ ।

## ठूलो...

'केही गर्दै नगरेको होइन । सक्दो गरेको छ', उनले अगाडि भने, 'केही कमजोरी भएको हुनसक्छ । भएको छ भने आगामी दिनमा सच्याउनुपर्छ र सरकार सच्याउन सधै तयार नै हुने छ ।'

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# तिला गाउँपालिकामा योजना कार्यान्वयन क्यालेन्डर लागू गरिदैं

■ नमस्ते समचारदाता
जुम्ला, असोज/१५



जुम्लाको तिला गाउँपालिकाले पालिका भित्र संचालन हुने विकासे योजनालाई कार्यान्वयन गर्नेका लागि क्यालेन्डर लागु गर्न भएको छ । योजना र बजेट खर्चलाई जनमुखी र पारदर्शी बनाउनका लागि यो आर्थिक वर्षबाट क्यालेन्डर लागु गरिएको प्रमुख प्रशासकीय अधिकृत टेक बहादुर बुढ्थापाले जानकारी दिए । विकास निर्माणका कामलाई चुस्त राख्नका लागि प्रत्येक योजनामा एउटा साईट प्रविधिक तोकिएको छ । अनुगमन कार्यविधि समेत लागु गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत बुढ्थापाले भने, पालिकामा एकीकृत सेवाकेन्द्र संचालनमा ल्याउदै छौ । बजेट कार्यान्वयनमा सुधार आएको छ । गत आव २०८०/०८१ मा विभिन्न ६१ वटा विकासे योजना सम्पन्न भई संचालनमा छन् । ठेक्काबाट संचालित भएका १४ वटा योजनामध्ये तिला- १ रारा खानेपानी र कुडारीको दश शैया अस्पतालको बजेट क्रमागत रहेको छ । गत वर्ष खानेपानी योजनाको असारमा मात्र सम्झौता भएकाले निर्माण कम्पनीलाई पेस्की ७० लाख मात्र दिएको छ। साउन र भदौमा बर्षाको कारणले काम हुन सकेन । अब तिव्रगतिमा रारा खानेपानी योजनाको काम अघि बढ्ने प्रमुख प्रशासकीय अधिकृत बुढ्थापाको भनाइ छ । पालिकाको गत आब २०८०/०८१ को भौतिक प्रगति विवरण समेत सार्वजनिक गरेको छ । स्थानीय पुर्वाधार बिकास कार्यक्रम तर्फ कुल बजेटको ९५ दशमलव ७८ प्रतिशत खर्च भएको छ । संघीय बित्तीय समानिकरण वडागत योजना अन्तर्गत ९३ दशमलव ३२ प्रतिशत, प्रधानमन्त्री रोजगारतर्फ ९५ प्रतिशत, मुख्यमन्त्री रोजगार तर्फ .९५ प्रतिशत, कर्णाली जलपरियोजा अन्तर्गत.९४ प्रतिशत, संघीय शर्शततर्फ ८८ दशमलव ३२ प्रतिशत, संघीय समपुरतर्फ ४१ दशमलव ५३ प्रतिशत, संघीय विषेशतर्फ ५९ दशमलव ५३ प्रतिशत, प्रदेश शर्शततर्फ ९१ प्रतिशत, र प्रदेश बिशेष र समपुरकतर्फ ३७ दशमलव ५४ प्रतिशत बजेट खर्च भएको तिला गाउँपालिकाले जनाएको छ । पालिकाको कुल विनियोजन बजेट ५१ करोड २४ लाख रहेको थियो ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# चरेस सहित नेपाली महिला भारतमा पक्राऊ



नमस्ते समचारदाता
बाँके, असोज/१५

नेपाल तथा भारतमा प्रतिबन्धित रहेको लागुपदार्थ चरेश बोकेर भारत तिर जाँदै गरेको अवस्थामा एक महिला पक्राऊ परेकी छन् । उनी भारतको रुपईडिहा नाकामा पक्राऊ परेकी छन् । नेपालको बाग्लुङ जिल्लाको निसी घर भएकी ३२ वर्षीया जीवनकुमारी घर्ती भारतको रुपईडिहा नाकामा पक्राऊ परेको रुपईडिहाका थाना ईन्चार्ज शमशेर बहादुर सिँहले जानकारी गराएको पत्रकार सन्तोष सुक्लाले बताए । ती नेपाली महिला भारतीय प्रहरीको नियन्त्रणमा रहेकी र आवश्यक कारबाहीका लागि जिल्ला अदालत बहराइच चलान गरिएको भारतीय प्रहरीलाई उदृत गर्दै रुपईडिहाबाट पत्रकार सन्तोष शुक्लाले रुपईडियाबाट जनाएका छन् ।

# सडक यातायात अबरुद्ध हुँदा बढ्यो हवाई भाडा

नमस्ते समचारदाता
नेपालगन्ज, असोज/१५




गत हप्ता तीन दिन सम्म लगातार रुपमा परेको अविरल वर्षाको कारण देशको अधिकांश सडक यातायात अवरुद्ध भएका छन् । यही मौका छोपेर नेपालका बिमान कम्पनीहरुले एक्कासी हवाई भाडा बढाएका छन् । नेपालको त्रिभुवन विमानस्थलबाट दैनिक साढे पाँचसय भन्दा बढी उडान हुन्छन् । गत शनिबार र आइतबार वर्षाका कारण हवाइ सेवा समेत केही रोकिएका थिए । सोमबार देखि हवाई सेवा सुचारु भएका हुन । तर हवाई सेवा शुरु हुन साथ नेपालमा रहेका बिमान कम्पनीहरुले हवाई यातायातको भाडामा धेरै वृधि गरेका हुन । सडक यातायात अवरुद्ध भैरहेका बेला अत्यावश्यक कामका लागि आवत जावत गर्नु पर्ने मानिसलाई सहज बनाएर सहयोग गर्नु पर्नेमा भाडा बढाएर दुखको बेला झन दुख दिने काम नेपालका हावाई कम्पनीहरुले गरेको ब्यापक गुनासो आए पश्चात प्रधानमन्त्रीको निर्देशनमा केही दिन हवाई भाडा नबढाउने र पहिलेकै दर रेटमा यात्रुहरु उडाउने कम्पनीहरुले जानकारी गराएका छन् ।

# बाढी पहिरोबाट १७ अर्बभन्दा बढीको क्षति

नमस्ते समचारदाता
काठमाडौं, असोज/१५

सरकारले असोज ११ र १२ गतेको भारी वर्षासँगै आएको बाढी र पहिरोबाट १७ अर्ब रुपैयाँभन्दा बढी क्षति भएको प्रारम्भिक अनुमान गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा मुख्य सचिव एकनारायण अर्यालले प्रारम्भिक क्षतिबारे जानकारी दिएका हुन् । उनका अनुसार २२४ जनाको मृत्यु भएको छ भने २४ जना बेपत्ता भएका छन् । १५८ जना घाइते भएका छन् । बाढी, पहिरो र डुवानबाट खानेपानीको संरचनामा ३ खर्ब ५५ करोड र सडक पूर्वाधारतर्फ २ अर्ब ५२ करोड क्षति भएको प्रारम्भिक अनुमान छ । त्यस्तै उर्जातर्फ ४ अर्ब, सिँचाईतर्फ २ अर्ब र कृषि तथा पशुपक्षीतर्फ ६ अर्बको क्षति भएको छ । कृषि बालीमा भएको क्षतिको विवरण एक महिनाभित्र तयार पारिने मुख्य सचिव अर्यालले बताए । खोज तथा उद्दार कार्य २ दिनभित्र सक्ने र राहतलाई एकद्धार प्रणालीमार्फत वितरण गर्ने सरकारको योजना छ । घरबारबिहीन भएकाहरुलाई सरकारले तोकेको स्थानमा अस्थायी आवास बनाउन दिइने मुख्य सचिव अर्यालले जानकारी दिए ।

# स्याउबाटै आर्थिक समृद्धि

नमस्ते समचारदाता
जुम्ला, असोज/१५



जुम्ला चन्दननाथ नगरपालिका-८ निवासी स्याउ किसान धर्मसिंह कठायतले यस वर्ष आफूले साढे छ लाख रुपियाँ नगद स्याउबाट आम्दानी गरेको बताउनुभयो । उहाँले यस वर्ष स्याउ उत्पादन र बजारीकरण राम्रो भएकाले खुसी पनि व्यक्त गर्नुभयो । उहाँले झन्डै पाँच सय कार्टोन स्याउ बिक्री गर्नुभएको छ । धर्मसिंह जस्तै सयौँ किसानले लाखौँ रुपियाँ आम्दानी गरिरहेका छन् । कार्यालयले ७९१ जना व्यापारीले स्याउ ढुवानी गर्न नाम दर्ता गरेका थिए । स्याउबाटै १० लाखसम्म आम्दानी गर्ने किसान पनि रहेका कृषि विकास कार्यालयले जनाएको छ । जिल्ला कृषि विकास कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा पाँच हजार ८६२ टन स्याउ निर्यात गरेको छ । कार्यालयले वार्षिक समीक्षा कार्यक्रम राखेर स्याउ निर्यातको प्रतिवेदनसमेत सार्वजनिक गरेको छ। कार्यालयले आव २०८०/८१ को प्रगति र आव २०८१/८२ को कार्यक्रमका विषयमा सार्वजनीकरण कार्यक्रम सम्पन्न गरेको हो । कार्यालयले शुक्रबार सम्पन्न गरेको समीक्षामा ढुवानीबाट पाँच हजार ५५० मेट्रिक टन, हवाई जहाजबाट २४ मेट्रिक टन, हाइस र जिपबाट २५८ मेट्रिक टन, बसबाट सिधै जुम्ला-काठमाण्डौँ ३० टन स्याउ पठाइएको छ । यो तथ्याङ्क अनुसार स्याउबाट मात्रै ४३ दिनमा जुम्लाले रु ३८ करोड १० लाख ३० हजार आम्दानी गरेको छ । जिल्ला कृषि विकास कार्यालयका बागवानी अधिकृत राज्यलक्ष्मी खत्रीका अनुसार यस वर्ष १५ हजार मेट्रिक टन स्याउ उत्पादन हुने अनुमान रहेको छ । उहाँका अनुसार स्थानीय स्याउ पाँच हजार ८६२ मेट्रिक टन २०८१ साउन २९ देखि २०८१ असोज ८ गतेसम्मको हो । गुठीचौर गाउँपालिका-४ का गोविन्दप्रसाद पाण्डे र मित्रप्रसाद अधिकारीले संयुक्त रूपमा ११ गाडी बिक्री गरेका छन् । सात गाडी कैलाली टीकापुरमा र तीन गाडी सुर्खेतमा बिक्री गरेका हुन् । एक गाडी स्याउ करिब आठदेखि १० लाखमा बिक्री गरेका हुन् । स्याउ सिजनमा सानोतिनो आम्दानी नभएको घर करिब कमै रहेको छ । स्याउ रोपेका हरेक घरले यसबेला १० हजार देखि १० लाखसम्मको आम्दानी गर्ने गरेका छन् । कृषि विकास कार्यालय जुम्लाका अनुसार जनगणना २०७८ अनुसार एक लाख १९ हजार ३७७ जुम्लाको जनसंख्या छ । ३८ हजार ४८६ हेक्टर खेतीयोग्य जमिनमा दुई हजार ६६७ हेक्टर स्याउ रहेको छ । स्याउ किसान गोपाल रोकायाले किसानलाई आएका कार्यक्रमहरू फ्रिज नजाने गरी काम गर्न सुझाव दिनुभयो । उहाँले स्थानीय तहले पनि कृषि क्षेत्रमा बजेट प्राथमिकता दिनुपर्ने बताउनुभयो । जिल्ला समन्वय अधिकारी सङ्गीता धितालले आफू पनि कृषि क्षेत्रमा आएका कारण चासो राखेको बताउँदै आगामी दिनमा राम्रो गर्नका लागि कदम चाल्नुपर्ने बताउनुभयो ।





जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके